सिलीचोङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः१, मितिः २०७७ साउन ५ गते ।

भाग-२

सिलीचोङ गाउँपालिका

## सिलीचोङ गाउँपालिकाको
## एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना** : विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण सिलीचोङ गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्धेश्यले सिलीचोङ गाउँपालिकाको मातहतमा राखी संचालन गर्ने गाउँ कार्यपालिकाको निर्णय बमोजिम सिलीचोङ गाउँपालिका मार्फत संचालनमा ल्याउने सन्दर्भमा यसको व्यवस्थित संचालन, व्यवस्थापन र दिगोपनका लागि छुट्टै कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद- एक
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम “सिलीचोङ गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“एम्बुलेन्स”** भन्नाले सिलीचोङ गाउँपालिकाले संचालन गर्ने एम्बुलेन्सलाई जनाउँछ ।

(ख) **“ऐन”** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, लाई जनाउँछ ।

(ग) "**गाउँपालिका**" भन्नाले सिलीचोङ गाउँपालिकालाई जनाउँछ ।

(घ) "**गाउँसभा"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँसभालाई जनाउँछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले एम्बुलेन्स सञ्चालन र व्यवस्थापनका लागि गठन भएको सञ्चालक समितिलाई जनाउँछ ।

(छ) **"कर्मचारी"** भन्नाले सिलीचोङ गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्बुलेन्स संचालनमा संलग्न अपरेटर समेतलाई जनाउँछ ।

(ज) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने अधिकृत स्तरको कर्मचारीलाई जनाउँछ ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले सिलीचोङ गाउँपालिकाको कार्यपालिका बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद- दुई
## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

**३. उद्धेश्य :** यस कार्यविधिको प्रमुख उद्देश्य गाउँपालिका क्षेत्रभित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुऱ्याउने तथा यसको विश्वसनीयताका साथै प्रभावकारीता वृद्धि गरी दिगो र भरपर्दो सेवा सञ्चालन गर्नु रहेको छ ।

**४. छनौट र प्रथामिकता :** १) एम्बुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्रभित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिने सेवाशुल्कमा फरक हुने गरी कार्यविधिमा उल्लेख भए बमोजिमको रकम गाउँपालिकाको बैठकबाट निर्णय भए पश्चात लागू हुनेछ ।

२) उप दफा (१) बमोजिम सेवा शुल्क लिंदा सेवा उपयोग गर्ने विरामी व्यक्तिको स्थायी ठेगानालाई आधार मानिनेछ ।

**५. सञ्चालक समिति :** (१) एम्बुलेन्स सेवाको व्यवस्थित उपयोग, संचालन, खटनपटन र व्यवस्थापनका लागि सिलीचोङ गाउँपालिका अन्तर्गत वडा नं. ३ मा रहेको ताम्कू प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिले नै एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको जिम्मेवारी बहन गर्नेछ ।

२) समितिको कुनै सदस्य तथा अन्य कुनै जिम्मेवार पदाधिकारीले एम्बुलेन्सको प्रभावकारी सञ्चालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकाको हित विपरीत हुने गरी काम गरेको पाइएमा नीजलाई प्रचलित कानून बमोजिम हदै सम्मको कारबाही गरिनेछ ।

३) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार संयोजको निर्देशनमा सदस्य सचिवले बोलाउने छ । समितिका पदाधिकारीहरुले एम्बुलेन्स सञ्चालन कोषको रकममध्येबाट प्रति बैठक रु १०००।- का दरले मासिक बढीमा १ पटक बैठकका लागि बैठक भत्ता लिन पाउने छन् । तर, एम्बुलेन्स सञ्चालन कोषमा रकम नभएको अवस्थामा यस्तो भत्ता लिन पाइने छैन ।

४. समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिका अध्यक्ष तथा अन्य जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत वा अन्य कर्मचारी तथा अन्य सरोकारवाला पक्षलाई आमन्त्रण गर्न सकिनेछ तर बढीमा २ जना सम्म आमन्त्रित सदस्यलाई मात्र बैठक भक्ता दिन सकिनेछ ।

६. **काम कर्तव्य र अधिकार :** (१) एम्बुलेन्स सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायका बमोजिम हुनेछः

(क) गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी कार्यन्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्बुलेन्सको दैनिक खटनपटन गर्ने,

(ख) एम्बुलेन्स सञ्चालन भएको पटक यकिन गरी सो को अभिलेख अध्यावधिक गरी राख्ने,

(ग) निर्णय नभएको कार्यमा एम्बुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने ,

(घ) तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्बुलेन्स फिर्ता गराउने,

(ङ) अनाधिकृत प्रयोग भएको अवधिको लागि सञ्चालक समितिले उचित जरिवाना लगाई असूल उपर गरी सञ्चालन कोषमा जम्मा गर्ने गराउने,

(च) कुनै व्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा भाडा बापतको रकम असुल गरी कोषमा जम्मा गराउने,

(छ) एम्बुलेन्स मर्मत संभार गर्नु पर्ने भनी अपरेटरले दिएको निवेदन उपर आवश्यक छानबिन गरी उपर्युक्त लागेमा कानून बमोजिमको प्रकृया अगाडि बढाउने,

(ज) एम्बुलेन्स सञ्चालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिकाबारे गाउँपालिकाको कार्यालयलाई समय समयमा अवगत गराउने,

(झ) एम्बुलेन्सको प्रभावकारी व्यवस्थापन र सञ्चालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा गाउँपालिकाबाट प्राप्त निर्देशन अनुरुप कार्य गर्ने ।

(ञ) एम्बुलेन्सलाई प्रभावकारी सञ्चालन गर्न आवश्यक श्रोत खोजी गर्ने ।

२. एम्बुलेन्स सञ्चालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु गाउँपालिकाको बैठकको निर्णय बमोजिम हुनेछन् । तर गाउँ कार्यपालिकाको सदस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन नभए सम्म वा अन्य कुनै कारणले समितिको पदाधिकारीको पद रिक्त रहेको अवस्थामा सो अवधि भरको लागि उक्त पदाधिकारी सम्बन्धी व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद- तीन

## <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>

**७. <u>कर्मचारीको नियुक्ति</u> :** (१) एम्बुलेन्स सञ्चालनका लागि एक जना प्रथम तह वा सो सरह हल्का सवारी चालक करार सेवामा भर्ना गरिने छ। एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन ।

२) उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य पहिलो पटक गाउँपालिकाको कार्यालयले गर्नेछ । कुनै कारणले सवारी चालकको पद रिक्त भएमा देश्रो पटक देखि सञ्चालक समितिबाट नै प्रचलित कानूनको रित पुऱ्याई गरिनेछ ।

**८. <u>परिश्रमिक तथा सेवाका शर्तहरु</u> :** (१) एम्बुलेन्स चालकले क्रमशः हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाए सरहको तलब दफा १३ बमोजिमको कोषबाट प्राप्त गर्नेछ ।

तर त्यसको कोषको व्यवस्थापन नभए सम्म गाउँपालिकाबाट नै व्यवस्थापन गरिनेछ ।

२) एम्बुलेन्स चालकले उप विनियम (१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधीमा रात्रीकालिन प्रति ट्रिप रु. १००।- का दरले थप भत्ता पाउनेछ ।

३) एम्बुलेन्स को सञ्चालन मर्मत सम्भार तथा चालकको तलब भत्ता लगायत अन्य खर्च एम्बुलेन्स सञ्चालन कोषबाट व्यहोरिने छ । यस्तो कोषको उचित व्यवस्थापन भए पश्चात सो कार्यका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन । तर अनुदानको व्यवस्था गर्न सकिने छ ।

**९. <u>आचरण</u> :** (१) एम्बुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :

क) एम्बुलेन्सको उचित तरिकाले सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

ख) एम्बुलेन्स सञ्चालन भएको अवधी र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने,

ग) एम्बुलेन्स सञ्चालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,

घ) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,

ङ) एम्बुलेन्स सञ्चालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने,

च) एम्बुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा समिति समक्ष समयमै जानकारी गराउने,

छ) एम्बुलेन्स सञ्चालनमा लैजानु पूर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरी सुरक्षा अवस्था एकिन गर्ने । असुरक्षित अवस्थामा एम्बुलेन्स सञ्चालन नगर्ने ,

ज) एम्बुलेन्स सञ्चालन सम्बन्धमा सञ्चालक समिति र गाउँपालिकाले दिएको निर्देशनहरुको पालना गर्ने ।

**१०. <u>अवकाश दिन सकिने</u> :** आफ्नो पदको जिम्मेवारी राम्ररी पूरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट हटाउन सकिने छ ।

## परिच्छेद- चार
## सेवा शुल्क तथा एम्बुलेन्स संचालन कोष सम्बन्धी व्यवस्था

**११. <u>सेवा शुल्क तथा इन्धनको व्यवस्था</u> :** (१) गाउँपालिका क्षेत्रभित्र नागरिकहरुले एम्बुलेन्स प्रयोग गर्दा लाग्ने सेवाशुल्क प्रति कि.मि. रु. १५०।- को दरले लाग्नेछ । त्यस्तो शुल्क ताम्कू प्राथामिक स्वास्थ्य केन्द्र लैजाने विरामीको हकमा नीज रहेको स्थानबाट प्राथमिक स्वास्थ्य केन्द्र ताम्कूबाट सो विरामी रहेको स्थान सम्मको एकतर्फी लाग्नेछ र अन्यत्र जाने विरामीको हकमा प्राथमिक स्वास्थ्य केन्द्र ताम्कू ( एम्बुलेन्स रहने स्थान) बाट विरामी रहेको स्थान हुँदै सो विरामीलाई जहाँसम्म पुऱ्याइएको हो सो स्थल सम्मको शुल्क लाग्नेछ ।

२) उप विनियम (१) बमोजिमको सेवाशुल्कबाट गाउँपालिकाले एम्बुलेन्सको मर्मत संभार, फ्युल लुब्रिकेन, अपरेटरको तलब भत्ता आदिको व्यवस्था गर्नेछ ।

**१२. <u>निशुल्क सेवा प्रदान गरिनेछ</u>** :

(१) गर्भवती तथा सुत्केरी आमा/नवशिशुलाई सम्बन्धित स्वास्थ्य संस्थामा उपचार हुन नसकेर स्वास्थ्य संस्थालेनै प्रेशण गर्नुपर्ने भएमा मात्र गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुबाट प्राथमिक स्वास्थ्य केन्द्र र खाँदबारी जिल्ला अस्पताल लैजाने क्रममा बुम्लीङ पुलसम्म निःशुल्क सेवा दिइनेछ ।

(२) सिलीचोङ गाउँपालिकामा स्थायी बसोबास भएको नागरिकलाई नेपाली नागरिकताको आधारमा जेष्ठ नागरिक (७० बर्ष नाघेको) सिकिस्त बिरामीहरुको सम्बन्धित स्वास्थ्य संस्थामा उपचार हुन

नसकेर स्वास्थ्य संस्थालेनै प्रेशण गर्नुपर्ने भएमा मात्र गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरुबाट प्राथमिक स्वास्थ्य केन्द्र र खाँदबारी जिल्ला अस्पताल लैजाने क्रममा बुम्लीङ पुलसम्म निःशुल्क सेवा दिइनेछ ।

(३) "क" वर्गका अपाङगता भएका व्यक्तिहरु (क वर्गको अपाङ्गता प्रमाणपत्रको आधारमा) सिकिस्त बिरामीहरुलाई यस गाउँपालिकाभित्र र खाँदबारी जिल्ला अस्पताल सम्म लैजाने क्रममा बुम्लीङ पुलसम्म निःशुल्क सेवा दिइनेछ ।

**१३. <u>एम्बुलेन्स संचालन कोष</u> :** (१) एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कार्मचारीहरुको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स संचालन कोष खडा गरिनेछ ।

२) उप विनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिने छः

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवा शुल्क बापतको रकम,

(ख) भाडामा प्रयोग गर्न दिइएको अवस्थामा भाडा बापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स संचालनका लागि प्राप्त अनुदान रकम,

(घ) अन्य दाताहरु बाट प्राप्त सहयोग रकम,

(ङ) एम्बुलेन्स सञ्चालनार्थ अन्य जुनसुकै श्रोतबाट प्राप्त रकम ।

**१४. <u>कोषको संचालन र उपयोग</u> :** (१) एम्बुलेन्स संचालन कोष दफा ५ बमोजिमको सञ्चालक समितिबाट संचालन गरिनेछ ।

२) एम्बुलेन्स संचालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको नियमित मर्मत सम्भार, कर्मचारीहरुको तलब भत्ता, संचालक समितिको बैठक भत्ता लगायत एम्बुलेन्ससँग सम्बन्धित शिर्षकमा मात्र खर्च गरिनेछ ।

## परिच्छेद- पाँच
## विविध

**१५. <u>लेखा र लेखा परीक्षण</u> :** (१) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप सञ्चालक समितिबाट राखिनेछ ।

२) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसावको लेखा परीक्षण ताम्कू प्रथामिक स्वास्थ्य केन्द्रको लेखा परीक्षणकै क्रममा प्रचालित कानून बमोजिम सालवसाली रुपमा गराइने छ ।

१६. **विबादको समधान** : (१) एम्बुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विबाद उत्पन्न भएमा एम्बुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरी समधान गर्नेछ ।

२) एम्बुलेन्स संचालक समितिले समधान गर्न नसकेको विबादहरु गाउँपालिकाको कार्यालयबाट समधान गरिनेछ ।

१७. **भाडामा दिन सकिने** : (१) समितिले एम्बुलेन्स संचालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स संचालन गर्न उपयुक्त देखिएमा एम्बुलेन्स संचालक समितिले सिफारिस गरिएको अवस्थामा गाउँ कार्यपालिकाले निर्णय गरी एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२) गाउँ कार्यपालिकाको बैठकले आवश्यक देखेमा संचालक समितिको सिफारिस नभए पनि एम्बुलेन्स भाडामा दिन सक्नेछ ।

३) उप विनियम (१) बमोजिम एम्बुलेन्स भाडामा दिंदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ ।

१९. **प्रचालित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचालित कानुन बमोजिम हुनेछ ।

सिलीचोङ गाउँपालिका

## अनुसुची -१

### एम्बुलेन्स संचालन अभिलेख
### सिलीचोङ गाउँपालिका
### सङ्खुवासभा

| मिति | संचालन भएको समय | | सेवाग्राहीको नाम | कैफियत |
|---|---|---|---|---|
| | …………बजे देखि | …………बजे देखि | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | |
|---|---|---|
| रेकर्ड राख्ने : | रुजुगर्ने : | प्रमाणित गर्ने : |
| अपरेटर | समिति सचिव | समिति संयोजक |

सिलीचोङ गाउँपालिका

## अनुसूची -२

## एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख
## सिलीचोङ गाउँपालिका
## सङ्खुवासभा

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेकर्ड राख्ने : रुजुगर्ने : प्रमाणित गर्ने :

अपरेटर समिति सचिव समिति संयोजक

सिलीचोङ गाउँपालिका

## अनुसूची - ३
## भाडामा लिनेदिने सम्झौता पत्र

सिलीचोङ गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिने छ) र ..................बस्ने श्री ......................................यस पछि दोश्रो पक्ष भनिने छ) बीच सङ्खुवासभा जिल्ला ..................गा.पा. वडा नं. ........मा.......एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुबै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरि लियौं दियौं ।

**शर्तहरु** :

१. एम्बुलेन्स भाडामा लिने (दोश्रो पक्षका) श्री ......................................ले एम्बुलेन्स भाडामा लिंदा एम्बुलेन्स संचालनमा आएपछि प्रतिदिन रु..................का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्नेछ ।

२. यो सम्झौता मिति २०७..........गते देखि २०७............ गते सम्म लागू हुनेछ ।

३. सम्झौताको अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोश्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्भौता गरी प्रयोग गर्न सकिने छ ।

४. दोश्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम गाउँपालिकाको कार्यालय ताम्कूमा धरौटी स्वरुप जम्मा गर्नुपर्ने छ ।

५. दोश्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ ।

६. एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षलेनै गर्नेछ ।

७. यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोश्रो पक्षले जिम्मा लिईसके पछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सोको पूर्ण जिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु ............का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नु पर्नेछ ।

९. एम्बुलेन्स प्रयोग गरेबापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा परेमा दोश्रो पक्षले नै तिर्नु पर्नेछ ।

**भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट**

नम :

ठेगाना :

दस्तखत :

**समितिको तर्फबाट**

नाम :

ठेगाना :

दस्तखत :

**रोहबर**

१.

२.

३.

आज्ञाले,

**नामः रामराज पौडेल**

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका